नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# पाठ्यक्रम विकास केन्द्र
( .............................. शाखा)

फोन नं. ६६३०५८८
६६३४११९
६६३००८८
फ्याक्सः ६६३०७९७
नोटिस बोर्डः १६१८०१६६३०७९७
सानोठिमी, भक्तपुर
www.moecdc.gov.np

पत्र संख्याः- ०७९/८०
चलानी नं.:- ४२९

मितिः २०७९।१२।०८

विषय : <u>ग्रेडसिट सम्बन्धमा</u> ।

शैक्षिकसत्र २०७९ को विद्यालय शिक्षाको कक्षा ५, ८ र ९ मा ग्रेड सिट तयार गर्ने सम्बन्धमा देहायबमोजिम गर्नु गराउनुहुनका लागि यो सूचना प्रकाशन गरिएको छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले निर्देश गरेबमोजिम शैक्षिक सत्र २०७७ बाट विभिन्न कक्षामा चरणबद्ध रूपमा नयाँपाठ्यक्रम लागु हुनेक्रममा आगामी शैक्षिक सत्र २०८० मा कक्षा ५, ८ र १० मा प्रयोगमा आएपछि सबै कक्षामा नयाँ पाठ्यक्रम लागु भइसक्ने छ । शैक्षिक सत्र २०७९ मा कक्षा ९ मा अनिवार्य विषयका नयाँ पाठ्यक्रम कार्यान्वयन भइरहेको तर ऐच्छिक विषयका हकमा पाठ्यक्रम परिमार्जनको क्रममा रहेकाले साविकबमोजिम नै प्रयोगमा रहेको व्यहोरा सर्व विदितैछ । प्रस्तुत सन्दर्भमा शैक्षिक सत्र २०७९ का लागि विद्यार्थी मूल्याङ्कन गरी ग्रेडसिट तयार गर्दा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र लेटर ग्रेडिङ निर्देशिका, २०७८ को परिधिमा रही देहायबमोजिम गर्नुहुन अनुरोध छ ।

१. कक्षा ९ को अनिवार्य विषयका हकमा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटमा राखिएको लेटर ग्रेडिङ पद्धतिको कार्यान्वयनका लागि सहयोगी पुस्तिका, २०७९ मा उल्लेख भएअनुसार आन्तरिक र आवधिक (वाह्य) मूल्याङ्कनका आधारलाई पालना गर्ने

२. कक्षा ९ का साधारण धारतर्फ साविकका ऐच्छिक विषयका पाठ्यक्रम र प्राविधिक तथा व्यावसायिक धारका समेत पाठ्यक्रम प्रयोग भइरहेको सन्दर्भमा विद्यार्थीको ग्रेडसिट तयार गर्दा
   (क) ऐच्छिक विषयको हकमा साविकको पाठ्यक्रम नै कार्यान्वयन भइरहेकोले साविक बमोजिमकै मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने । साविकको पाठ्यभार ५ लाई पाठ्यघण्टा ४ मानी मूल्याङ्कन तथा अभिलेखीकरण गर्ने
   (ख) शतप्रतिशत सैद्धान्तिक विषयको हकमा बाह्य मूल्याङ्कन तथा अभिलेखीकरण ४ पाठ्यघण्टामा गर्ने
   (ग) २५ प्रतिशत प्रयोगात्मक हुने विषयको हकमा प्रयोगात्मकका लागि पाठ्यघण्टा १ र सैद्धान्तिकका लागि ३ पाठ्यघण्टा मानी मूल्याङ्कन तथा अभिलेखीकरण गर्ने
   (घ) ५० प्रतिशत प्रयोगात्मक हुने विषयका हकमा प्रयोगात्मकका लागि पाठ्यघण्टा २ र सैद्धान्तिकका लागि पाठ्यघण्टा २ मानी मूल्याङ्कन तथा अभिलेखीकरण गर्ने

३. कक्षा ५, ८ र १० को हकमा पुरानो पाठ्यक्रममा भएको व्यवस्थाअनुसार मूल्याङ्कन गरी लेटर ग्रेडिङ निर्देशिका, २०७८ अनुसार ग्रेडसिट तयार गर्ने

सहानिर्देशक

## कक्षा ९ को नमुना ग्रेडसिट

### Grade Sheet Elaboration

| Subject Code | Subject | Credit Hour (CH) | Grade | Grade Point (GP) | CH×GP (WGP) | Final Grade |
|---|---|---|---|---|---|---|
| 002 | Nepali (TH)<br>Nepali (IN) | 3.75<br>1.25 | A<br>A | 3.6<br>3.6 | 13.5<br>4.5 | A |
| 004 | English (TH)<br>English (IN) | 3.75<br>1.25 | A<br>A | 3.6<br>3.6 | 13.5<br>4.5 | A |
| 006 | Mathematics (TH)<br>Mathematics (IN) | 3.75<br>1.25 | B+<br>B+ | 3.2<br>3.2 | 12.0<br>4.0 | B+ |
| 008 | Science and Technology (TH)<br>Science and Technology (IN) | 3.75<br>1.25 | A+<br>A+ | 4<br>4 | 15<br>5.0 | A+ |
| 010 | Social Studies (TH)<br>Social Studies (IN) | 3<br>1 | A<br>A | 3.6<br>3.6 | 10.8<br>3.6 | A |
| 102 | Optional 1. Mathematics (TH) | 4 | A+ | 4.0 | 16 | A+ |
| 206 | Optional 11. Science (TH)<br>Optional 11. Science (PR) | 3<br>1 | A+<br>A | 4.0<br>3.6 | 12<br>3.6 | A+ |
| | Total | 32 | | | 118 | |

**GPA = Sum of the Weighted Grade Point (WGP)/ Divided by total credit hours (CH) of the class = 118/32 = 3.68**

### विद्यार्थीले प्राप्त गर्ने Grade Sheet (Grade 9)

| Subject Code | Subject | Credit Hour (CH) | Grade | Grade Point (GP) | Final Grade |
|---|---|---|---|---|---|
| 002 | Nepali (TH)<br>Nepali (IN) | 3.75<br>1.25 | A<br>A | 3.6<br>3.6 | A |
| 004 | English (TH)<br>English (IN) | 3.75<br>1.25 | A<br>A | 3.6<br>3.6 | A |
| 006 | Mathematics (TH)<br>Mathematics (IN) | 3.75<br>1.25 | B+<br>B+ | 3.2<br>3.2 | B+ |
| 008 | Science and Technology (TH)<br>Science and Technology (IN) | 3.75<br>1.25 | A+<br>A+ | 4<br>4 | A+ |
| 010 | Social Studies (TH)<br>Social Studies (IN) | 3<br>1 | A<br>A | 3.6<br>3.6 | A |
| 102 | Optional 1. Mathematics (TH) | 4 | A+ | 4.0 | A+ |
| 206 | Optional 11. Science (TH)<br>Optional 11. Science (PR) | 3<br>1 | A+<br>A | 4.0<br>3.6 | A+ |
| **GPA = 3.68** | | | | | |

**नोट :** माथि नयाँ पाठ्यक्रमअनुसारको अनिवार्य विषय र साविकको पाठ्यक्रमअनुसारको ऐच्छिक गणित र ऐच्छिक विज्ञान विषयको विवरण दिइएको छ। यसै गरी अन्य विषयको पनि उल्लिखित पाठ्यघन्टाअनुसार ग्रेड सिट तयार गर्न सकिने छ।

महानिर्देशक